परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

कांग्रेसका सहमहामन्त्री यादवमाथि खुकुरी हान्ने श्यामबाबु जेल चलान

समाचार पृष्ठ ४ मा ...

• वर्ष २ • अंक १२४ • २०८० असोज १७ गते बुधबार • (4-October-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

जनकपुरमा उत्तेजक अभिव्यक्ति दिने विवास्पद धर्मगुरु श्रीनिवास पक्राउ

■ टक नेपाल

जनकपुरधाम । जनकपुर धाममा गौहत्याविरुद्ध उत्तेजक अभिव्यक्ति दिने धर्मगुरु श्रीनिवास आचार्य पक्राउ परेका छन् । उनलाई मंगलबार प्रहरीले सुनसरीको बराहक्षेत्र नगरपालिका -चक्रघट्टीबाट पक्राउ गरेको हो । प्रहरीले भने उनलाई पक्राउ गर्नुको कारणबारे खुलाएको छैन। जिल्ला प्रहरी कार्यलय सुनसरीका प्रवक्ता डिएसपी नविनकृष्ण भण्डारीका अनुसार सामान्य सोधपुछको लागि ल्याइएको हो। केहीदिन अघि जनकपुरधाममा गौ हत्याविरुद्ध निकालिएको जुलुसपछिको कोणसभालाई सम्बोधन गर्दै उनले गौहत्या गर्नेलाई त्यही खुकुरीले छप्काइदेउ भन्ने उत्तेजक अभिव्यक्ति दिएका थिए । भाषण दिँदै उनले भनेका थिए 'हिन्दू राष्ट्र र गौहत्याको आन्दोलनमा १० वर्षअघिदेखि लागिरहेको छु। वैदिक सनातन धर्मावलम्बीहरू जिन्दावाद र मुर्दावाद मात्र भनेर हुँदैन, एकजुट हुनुपर्ने भएको छ । हाम्रो गौ मातालाई धरानमा काटिरहेका छन्, भोजपुरमा काटिरहेका छन् । झापामा काटिरहेका छन् । हामी केवल घाममा हिँडेर मात्रै गौमाता बाँच्ने छैनन् ।' उनले अगाडि भने का थिए ' यदी हामी गुरुहरूले नै हतियार उठाउनुपर्‍यो भने ठिक हुँदैन। हामी अनुरोध गर्छौं, जसले हाम्रो गौमातालाई काट्छ त्यसलाई खुकुरी लिएर गएर काटिदिनुस्। हाम्रो धर्म र शास्त्रले गाई र माई समान रुपले हेर्छ ।' उनी ०७४ चैत २५ मा आफ्नै पाखुरामा गोलि हान्न लगाएर आरोपमा पक्राउ समेत परेका थिए ।

जब विद्यार्थीले नियमित पढाइको माग गर्दा थुनामा परे...

■ टक नेपाल

वीरगन्ज । वीरगञ्ज महानगर पालिका-२४ बहुवरीमा सञ्चालित शारदा माध्यमिक विद्यालयको पशु विज्ञान र कृषि संकायको कक्षा सञ्चालन गर्न माग गरेपछि विद्यार्थीलाई सोही विद्यालयका शिक्षकहरुले थुनेर राखेको घटना सार्वजनिक भएको हो। पठनपाठन नियमित सञ्चालन गर्न माग गरेपछि विद्यालय प्रशासनले आफूहरूलाई कुटपिट गर्नाका साथै घन्टौं थुनेर राखेको विद्यार्थीहरूले आरोप लगाएका छन् । सात कक्षा पढाइ हुनुपर्नेमा एक कक्षासमेत पढाइ नभएको जानकारी महानगरपालिकाको शिक्षा महाशाखामा गराउँदा समेत कुनै सुनुवाइ नभएको विद्यार्थीहरूले गुनासो गरेका छन्। विद्यालय प्रशासनले आफूहरुबाट सबै शुल्क असुल गरे पनि अहिलेसम्म पूरै किताबसमेत उपलब्ध नगर ाएका कारण दोस्रो वर्षको पहिलो सेमेस्टर परिक्षामा ११ मध्ये एकजना मात्र उत्तीर्ण भएको विद्यार्थीहरु बताउँछन् । प्राविधिक शिक्षाको कक्षा नियमित सञ्चालन नभएको विषयमा विद्यालय प्रशासनसँग बुझ्दा विद्यालयका प्रअ बिदामा रहेकाले प्रविधिक कक्षाबारे उनले नै जानकारी दिने जनाएको छ । महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले विद्यालयमा अध्यापन गराउने शिक्षकले तलब नपाएका कारण पढाइ नभएको जानकारी दिए । उनले शिक्षकको सबै तलब समयमै पठाएको विद्यलायको प्रतिवेदन बाट देखिएपछि सो घटनाको छानबिन सुरु गरिएको बताए ।



बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास,महोत्तरी (मधेश प्रदेश)

प्रथम पटक प्रकाशित मिति २०८०/०६/१७

बर्दिबास नगरपालिका नगरकार्यालयको कार्यालय बर्दिबास नगरपालिका अन्तर्गत वडा नं. १ र १४ मा निर्माण गर्न प्रस्ताव गरिएको नगरको गौरव योजना राम जानकी फनपार्क योजनाले चर्चेको क्षेत्र भित्र पर्ने निजी तथा सार्वजनिक जग्गाहरू प्राप्त गर्नको लागि जग्गा प्राप्ती ऐनको २०३४ को दफा ५ बमोजिम प्रारम्भिक कारवाही चलाउन सम्बन्धित जग्गाधनीहरूबाट विवरण प्राप्त गरी सोही ऐनको दफा ६ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने ब्यवस्था भए बमोजिम यो सूचना प्रकाशन भएको ३५ दिन भित्र तपशीलमा उल्लेखित जग्गाधनीहरूले तपशीलमा उल्लेखित जग्गाको सक्कल पुर्जा सहित निवेदन दिन हुन सूचना प्रकाशित गरिएको छ ।

तपशिल :-

क्र.स.	साबिक ठेगाना	वडा नं.	किता नं.	क्षेत्रफल	जग्गाधनीकोनाम, बाबुकोनाम, बाजेको नाम	कैफियत
१.	२५ न.बहादुरगंज	२(ङ)	८८	०-५-०	जग्गाधनीकोनाम:- गंगा राम खर्गा , बाबुको नाम:- विनय कुमार खड्गा बाजेको नाम:- रामटहल खडगा ठेगाना:-जिल्ला सिराहा माडर वडा -६	
२.	२५ न.बहादुरगंज	२(ङ)	८९	०-५-०	जग्गाधनीकोनाम:- बिनोद पौडेल बाबुको नाम:- योजराज पौडेल बाजेको नाम:- नोर प्रसाद पौडेल ठेगाना:-जिल्ला झापा चन्द्रगढि-१	
३.	२५ न.बहादुरगंज	२(ङ)	९०	०-२-४	जग्गाधनीकोनाम:-सन्जूकुमारी रजक, योगनारायण रजक बाबुको नाम:- शिवशंकर, मौजे रजक बाजेको नाम:- विक्रमरजक, प्रयाग रजक ठेगाना:-जिल्ला:धनुषा मिथिलेश्वर निकास-८, सुगानिकास -२	
४.	२५ न.बहादुरगंज	२(ङ)	१२६	०-१-०	जग्गाधनीकोनाम:-विमला कुमारी लम्साल बाबुको नाम:- जीवनाथ दुलाल बाजेको नाम:- पुश्फ लाल लम्साल ठेगाना:-जिल्ला सिराहा बिष्णुपुर महिसोठ -५	
५.	२५ न.बहादुरगंज	२(ङ)	१२८	०-१-०	जग्गाधनीकोनाम:-श्रीमती रेण जयसवाल पतिको नाम:-रामबाबु रमण जयसवाल ससुराको नाम:- कृष्ण प्रसाद जयसवाल ठेगाना:-जिल्ला धनुषा सोनिगामा -३	
६.	२५ न.बहादुरगंज	२(ङ)	१२९ १४२ १४३ ९१ १४० १४१ ११७ ११८ १५५ १५७ ११४ १३० १३२ १०६ १४७	०-०-५ ०-०-७ ०-०-३ ०-३-५ ०-०-८ ०-०-३ ०-२-१० ०-०-१० ०-२-५ ०-१-५ ०-३-० ०-०-१५ ०-०-३ ०-१०-१० ०-०-१०	जग्गाधनीकोनाम:- बिना कुमारी साह बाबुको नाम:- मदन प्रसाद साह बाजेको नाम:- महेन्द्र प्रसाद साह ठेगाना:-जिल्ला धनुषा जनकपुर न.पा.-२	
७.	२५ न.बहादुरगंज	२(ङ)	१२३	०-०-१०	जग्गाधनीकोनाम:- जिबछी देबी बाबुको नाम:- जदुन्दनसाह बाजेको नाम:- लखन साह तेली ठेगाना:-जिल्ला महोत्तरी भटौलिया -५	
८.	२५ न.बहादुरगंज	२(ङ)	१३३	०-०-१०	जग्गाधनीकोनाम:- गौरी देबी बाबुको नाम:- लक्ष्मण मण्डल बाजेको नाम:- सिया सरण मण्डल ठेगाना:-जिल्ला महोत्तरी भटौलिया -५	
९.	२५ न.बहादुरगंज	२(ङ)	१३४	०-०-१०	जग्गाधनीकोनाम:-रघुवीर साह बाबुको नाम:- यदुनंदन साह बाजेको नाम:- भिखारी साह ठेगाना:-जिल्ला धनुषा सोनिगामा -६	
१०.	२५ न.बहादुरगंज	२(ङ)	१३५	०-०-१०	जग्गाधनीकोनाम:- नीरस कुमार साह बाबुको नाम:- जिया साहू बाजेको नाम:- नथुनी साह ठेगाना:-जिल्ला महोत्तरी भटौलिया -४	

११.	२५ न.बहादुरगंज	२(ङ)	१३६	०-०-१०	जग्गाधनीकोनामः- उमाशंकर प्रसाद साह बाबुको नामः- बनारसी साह तेली बाजेको नामः- राम लगन साह ठेगानाः-जिल्ला महोत्तरी जलेश्वरन.पा.-४	
१२.	२५ न.बहादुरगंज	२(ङ)	१३७	०-१-०	जग्गाधनीकोनामः-इला कुमारी देबी बाबुको नामः- बिष्णु कुमार साह तेली बाजेको नामः- बनारसी साह ठेगानाः-जिल्ला महोत्तरी जलेश्वरन.पा.-२	
१३.	२५ न.बहादुरगंज	२(ङ)	९२	०-१-०	जग्गाधनीकोनामः- सन्जु कुमारी रजक बाबुको नामः- शिव शंकर रजक ससुराको नामः-विक्रम रजक ठेगानाः-जिल्ला धनुषा मिथिलेश्वर -८	
१४.	२५ न.बहादुरगंज	२(ङ)	९३	०-१-०	जग्गाधनीकोनामः-रामकिशोर यादब र त्रिवेणी कुमारी बाबुको नामः-बेचनयादब, रमा कान्त झा बाजे,ससुराकोनामः-असफी यादब, सुर्यकान्त झा ठेगानाः-जिल्ला महोत्तरी धमौरा-४ ,सुगाभवानी पट्टी -२	
१५.	२५ न.बहादुरगंज	२(ङ)	९४	०-१-०	जग्गाधनीकोनामः- मंजु देबी साह पतिको नामः- संजिव कुमार साह ससुराको नामः-राम स्वरूप साह ठेगानाः-जिल्ला धनुषा मिथिलेश्वर मौवाही-१	
१६.	२५ न.बहादुरगंज	२(ङ)	९५	०-१-०	जग्गाधनीकोनामः- कुमारी रुपम पतिको नामः-शिव कुमार महतो ससुराको नामः-राम स्वरूप साह ठेगानाः-जिल्ला धनुषा मिथिलेश्वर मौवाही-१	
१७.	२५ न.बहादुरगंज	२(ङ)	१३८	०-४-०	जग्गाधनीकोनामः-परमिलादेबी साह सूडी बाबुको नामः- रानेश्वर हाथी / पति :- बिन्देश्वर साह ससुराको नामः- देब नारायण साह ठेगानाः-जिल्ला धनुषा कनकपट्टी -४	
१८.	२५ न.बहादुरगंज	२(ङ)	१५६	०-१-१०	जग्गाधनीकोनामः- अशोक पजियार बाबुको नामः- बेचन पजियार बाजेको नामः- उत्तमी पजियार ठेगानाः-जिल्ला धनुषा जनकपुर -१६	
१९.	२५ न.बहादुरगंज	२(ङ)	१४८	०-१-७	जग्गाधनीकोनामः- रागिनी कुमारी यादब बाबु/पतिको नामः- नागेन्द्र यादब /अशोक कुमार यादब ससुराको नामः- राम दयाल यादब ठेगानाः-जिल्ला धनुषा गीध्दा -६	
२०.	२५ न.बहादुरगंज	२(ङ)	१४९	०-०-५.५	जग्गाधनीकोनामः- रागिनी कुमारी यादब बाबु/पतिकोनामः- नागेन्द्र यादब /अशोक कुमार यादब ससुराको नामः- राम दयाल यादब ठेगानाः-जिल्ला धनुषा गीध्दा -६	
२१.	२५ न.बहादुरगंज	२(ङ)	९७	०-१-०	जग्गाधनीकोनामः- वेबी कुमारी बाबुको नामः- प्रेम नारायण साह बाजेको नामः- बैभनाथ साह ठेगानाः-जिल्ला सर्लाही गडहिया -६	
२२.	२५ न.बहादुरगंज	२(ङ)	९८	०-०-१०	जग्गाधनीकोनामः- संजय यादब बाबुको नामः- राम चन्द्र यादब बाजेको नामः- बृजलला यादब ठेगानाः-जिल्ला धनुषा ठेगाना नखुलेको वडा नं.-९	
२३.	२५ न.बहादुरगंज	२(ङ)	९९	०-०-१०	जग्गाधनीकोनामः- फुल कुमारी पतिको नामः-राम सोगारथ महतो ससुराको नामः-महन्थ महतो सुडी ठेगानाः-जिल्ला धनुषा तुल्सियाही जब्दी -४	
२४.	२५ न.बहादुरगंज	२(ङ)	१००	०-१-०	जग्गाधनीकोनामः- मोहनी देबी पतिको नामः-देव नारायण महतो ससुराको नामः-राम लखन महतो ठेगानाः-जिल्ला धनुषा मिथिलेश्वर मौवाही -१	
२५.	२५ न.बहादुरगंज	२(ङ)	१०१	०-०-१०	जग्गाधनीकोनामः- किरण देबी बाबुको नामः-असेसर नायक / पति : दिनेश महतो ससुराको नामः- सरजुग महतो ठेगानाः-जिल्ला धनुषा तुलसीयाही जब्दी-४	
२६.	२५ न.बहादुरगंज	२(ङ)	१०२	०-०-१०	जग्गाधनीकोनामः- उषा देबी बाबुको नामः-बिन्देश्वर महतो ससुराको नामः-जागेश्वर महतो ठेगानाः-जिल्ला महोत्तरी बनौटा-७	
२७.	२५ न.बहादुरगंज	२(ङ)	१०३	०-१-०	जग्गाधनीकोनामः- बबिता देबी पतिको नामः-राज नारायण महतो ससुराकोनामः-राम सोगारथ महतो कोईरी ठेगानाः-जिल्ला महोत्तरी बनौटा-७	
२८.	२५ न.बहादुरगंज	२(ङ)	१४६	०-०-१०	जग्गाधनीकोनामः-हैदर अलि बाबुको नामः- ईस्लाम रंग्रेज बाजेको नामः- गुलजर रंग्रेज ठेगानाः-जिल्ला महोत्तरी जलेश्वर न.पा.-३	

- प्रमुख प्रशासकीय अधिकृत

साढे २ लाख रुपैयाँ चोरी गर्न जेठाजुद्वारा बुहारीको हत्या, तीनजना पक्राउ

■ टक नेपाल

वीरगञ्ज । प्रहरीले पर्साको जगर नाथपुर गाउँपालिकामा एक महिलाको घाँटी रेटी हत्या गर्ने तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। गत असोज २ गते जगरनाथपुर गाउँपालिका-५ की ५६ वर्षीया कान्तिदेवि बिनको आफ्नै घरमा हत्या भएको थियो। घटनामा संलग्न सोही वडाका ३६ वर्षीय भुटा भनिने लालबाबु राउत बिन, ५९ वर्षीय चन्द्रिका राउत बिन र ५७ वर्षीय अमिरिका राउत बिनलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको हो। पक्राउ परेकामध्ये चन्द्रिका र अमिरिका कान्तिदेवीका जेठाजु हुन्। तीनै जना कान्तिदेवीको घरमा पैसा चोरी गर्नको लागि छिरेकोमा पक्राउ पर्ने डरले खुर्पीले घाँटी रेटेर उनको हत्या गरेको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए। विदेशमा बस्ने कान्तिदेवीका छोराले घरमा २ लाख ५० हजार रकम पठाएका थिए। सोही रकम चोरी गर्न तीनै जना अभियुक्तहरु असोज १ गते राति पौने १२ बजे उनको घर गएका थिए । घरभित्र पसेर उनीहरुले बक्सा खोतल्दै गर्दा कान्तिदेवीले देखे पछि तीनै जनाले रड र काठको फलेक प्रहार गरी पछि खुर्पीले घाँटी रेटी हत्या गरेको प्रहरी उपरीक्षक शाहले बताए । तीनै जनालाई पक्राउ गरी घटनाको सम्बन्धमा थप अनुसनधान भइरहेको उनले बताए ।

कांग्रेसका सहमहामन्त्री यादवमाथि खुकुरी हान्ने श्यामबाबु जेल चलान

■ टक नेपाल

काठमाडौं । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार गर्ने श्यामबहादुर सापकोटालाई जेल चलान गरिएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश माधवप्रसाद अधिकारीको सोमबारको इजलासले सापकोटालाई जेल चलानको आदेश दिएको हो। खुकरी प्रहार गरेपछि पक्राउ परेका सापकोटाविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमा जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो । १० वर्षसम्म कैद सजाय मागदाबी गर्दै दायर भएको मुद्दामा अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो । गत भदौ २० गते रिपोर्टर्स् क्लबमा सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार भएको थियो। खुकुरी प्रहारपछि सापकोटा राजसंस्था जिन्दावाद भन्दै चिच्याएका थिए ।

सशस्त्र प्रहरीद्वारा सिराहामा ८० लाख बराबरको भन्सार छलीको कपडा बरामद

■ टक नेपाल

सिरहा । सशस्त्र प्रहरी बल नेपाल नं ७ गण हेड क्वाटर सिरहाबाट खटिएको टोलिले सिरहा न.पा. १८ तारापट्टीबाट ८० लाख बराबरको ७८ पोका कपडा नियन्त्रणमा लिएको छ । पछिल्लो समय नजिकिदै गरेको चाडपर्वलाई लक्षित गरी तस्करी बढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी सुचनाको आधार मा सशस्त्र प्रहरी सिरहाले बिशेष योजना बनाई अवैध चोरी पैठारी नियन्त्रण गर्ने कार्यमा केन्द्रित भई कारवाही संचालन गर्दा सिरहा जिल्लाकै हालसम्मको ठुलो परिमाणको भन्सार छलिको अवैध कपडा नियन्त्रणमा लिन सफल भएको हो । बिगत २/४ दिन देखि सिरहा जिल्लामा राजस्व अनुसन्धान कार्यालय ईटहरी र सशस्त्र प्रहरी नं ७ गण हे.क्वा. सिरहाको संयुक्त परिचालनमा असोज १३ मा ४० लाख बराबरको कपडा र असोज १५ मा २५ लाख बराबरको कपडा बरामद गर्न सफल भएको थियो । उक्त गणले नियन्त्रणमा लिएको सामान आवश्यक कारवाहिको लागी राजस्व अनुसन्धान कार्यालय ईटहरीमा बुझाउने प्रकृयामा रहेको भन्ने सशस्त्र प्रहरी बल नेपाल नं ७ गण हे.क्वा सिरहाले जानकारी दिएको छ ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।

सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

We Are Hiring

CRO- Field Cum Bike Rider
Loacation - Bardibas Vianet Communication Limited. (Near Save The Children)
Vacancy-1
Salary- 23500/ Above

Skills,
1. Strong Customer Focus
2.Ability To Think Logically
3.Problem Solving Skills
4.The Ability To Work well in a Team

Facility
1.Social Security Fund,

Duties And Responsibilities,
1.To Keep Operating System Running Smoothly And Ensure Users Get The Maximum Benefit,
2.Troubleshoot System And Networks Problems,
3.Support The Roll-out Of New Applicant,
4.Install And Configure Operating System,
5.Responding In A Timely Manner To Service Issues & Request,

For More Contacts,
Vianet Communication Limited
Bardibas Branch
+977 9801131433

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com